कटहरिया नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कटहरिया, रौतहट

प्रदेश नं.२ ,नेपाल

## सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशितमिति : २०७७।१०।०५**

यस नगरपालिकाको मिति २०७७।१०।०५ गतेको निर्णय अनुसार यस कार्यालयबाट निम्न अनुसारको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले निम्न अनुसारको शर्तको अधिनमा रहि निम्न अनुसारको सिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र सम्वन्धी कागजात यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १५(पन्ध्र) औं दिन सम्म चालु आ.व. को लागि नवीकरण भएको ईजाजत प्रमाणपत्र, मूल्य अभिबृद्धि कर तथा आ.व. २०७६/७७ सम्मको कर चुक्ताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि संलग्न राखी रु.१,०००।००(पछि फिर्ता नहुने गरी) तिरी कार्यालय समय भित्र यस कार्यालयबाट सिलबन्दी दरभाउपत्र खरीद गर्न सकिनेछ ।

२. बिक्रीभएको सिलबन्दी दरभाउपत्र यो सूचना प्रथम पटक प्रकाशित मितिले १६ औं दिन दिनको १२:०० बजे भित्र यस कार्यालयको नाममा सम्बोधन गरी कामको विवरण, सिलबन्दी दरभाउपत्रदाताको नाम, ठेगाना र फोन न. समेत स्पष्ट खुलाई यस कार्यालयमा मात्र दर्ता गराउन सकिनेछ । दर्ता भएका सिलबन्दी दरभाउपत्र १६ औं दिन दिनको २.०० बजे सिलबन्दी दरभाउपत्रदाता स्वयं वा निजको प्रतिनिधिको उपस्थितिमा वा निजहरुको उपस्थिति नभए पनि कार्यालयको प्रतिनिधिहरुको रोहवरमा खोलिनेछ ।

३. सिलबन्दी दरभाउपत्रदाताले जमानत वापतको रकम यस कार्यालयको एन.आई.सि.एसिया कटहरिया स्थित धरौटी खाता नं. 046CA50021849005 मा नगद जम्मा गरेको सक्कल बैंक भौचर वा कम्तीमा सिलबन्दी दरभाउपत्र दाखिला हुने अन्तिम मितिबाट ७५ दिनको म्याद भएको मान्यता प्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाउँमा जारी गरिएको सक्कल बैंक जमानत पत्र पेश गर्नु पर्नेछ

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने, दर्ता गर्ने,र खोल्ने दिन विदा परेमा उक्त कार्यहरु सो को भोलीपल्ट हुनेछ ।

५. दररेट भर्दा (भ्याट बाहेकको) अंक र अक्षर दुवैमा प्रष्ट लेख्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखेकोलाई मान्यता दिइनेछ ।

६. सिलबन्दी दरभाउपत्र पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

७. यस सूचनामा उल्लेख नभएका कुराहरुका हकमा प्रचलित नेपाल कानुन बमोजिम हुनेछ ।

८. सिलबन्दी दरभाउपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा कार्यालय समयमा यस कार्यालयमा बुझ्न सकिनेछ ।

| ठेक्का नं. | ठेक्का लाग्ने स्थान | ठेक्काको नाम | न्युनतम कबोल अंक (मु.अ.कर बाहेक) | धरौटी रकम | कैफियत |
|---|---|---|---|---|---|
| २. | लाल बकैयाको गर्जाघाट , झौवा घाट , बहादुरपुर घाट | ढुङ्गा , बालुवा, गिटी उत्खन्न सम्बन्धी | १९,५०,०००। | ९७,५००। | |

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकिय अधिकृत